## किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ मंसिर २१ गतेको बैठकको निर्णय ।

१. गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णयहरु, विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको निर्णय तथा दैनिक सेवा प्रवाहमा भएको कार्तिक महिनामा भएको कार्य प्रगति माथी छलफल गरी समिक्षा गरियो ।

२. महिना मिति २०८१/०७/२६ गतेको बैठकबाट निर्णय भएको १० वटा निर्णयहरुको समिक्षा गरियो।

३. गाउँपालिका भित्र परामपरगत मौलिक संस्कृतिक र पर्वमा आधारित मेला महोत्सव ब्यवस्था गर्न आयोजकले अग्रिम जानकारी गराई संचालन भएको अवस्थामा प्रति कार्यक्रम बढीमा रु.५०,०००।(पचास हजार) ननाघने गरी विल भपाईको आधारमा सहयोग रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने ।

४. गाउँपालिका वडा नं. १ नुचेत र २ नं. वडा ताजीमा नव निर्मित्त खोप केन्द्र भवनमा सम्बन्धित वडा कार्यालयको ब्यवस्थापनमा सम्बन्धित वडाको स्वास्थ्य चौकीको मातहतमा रहने गरी स्वास्थ्य चौकीले तोकिएको बमोजिमको स्वास्थ्य सेवा संचालन गर्ने ।

५. किस्पाङ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१-०६-२० गतेको निर्णय अनुसार किस्पाङ बहु प्राविधिक शिक्षालयले Zoology/Botany र Pharmacy विषयका प्रशिक्षक नियुक्तिको लागि मिति २०८१-०७-१३ गतेको सूचना अनुसार मिति २०८१-०८-०२ र मिति २०८१-०८-०४ गते लिएको लिखित तथा मौखिक परिक्षामा उतिर्ण भई करार सेवामा नियुक्त हुनु भएको प्रशिक्षकहरुको नियुक्तिलाई समर्थन गर्ने ।

६. किस्पाङ गाउँपालिकाको बहु-प्राविधिक शिक्षालय तथा ब्यवस्थापन ऐन र कार्यविधिमा भर्ना भई सकेका तर रजिष्ट्रेशन हुनु पुर्व विशेष कारणले शिक्षालय छोडेका र CTEVT अन्तर्गत छात्रबृति प्राप्त गरी अन्यत्र गएका विद्यार्थीको हकमा भर्ना शुल्क रकम फिर्ताको सम्बन्धमा स्पष्ट नभएकोले हाललाई उक्त अवस्थाको विद्यार्थीको भर्ना रकममा २० प्रतिशत रकम कट्टी गरि बाँकी रकम सम्बन्धित ब्यक्तिको बैंक खाता मार्फत फिर्ता गर्न शिक्षालयलाई निर्देशन दिने ।